**21th of july**

**आजका मुख्य समाचारहरुबाट**

- **संसदको दुवै सदनको बैठक भोलि बिहान 11 बजेसम्मका लागि स्थगित**
- **प्रधानमन्त्री मोदीको संसद मानसून सत्रप्रति सार्थक बहस र राष्ट्रहितमा केन्द्रित होस्  भन्ने आशा**
- **सांसदहरूले गरे न्यायाधीश यशवन्त वर्मालाई हटाउन माग**
- **सरकारद्वारा एचपीसीएलको नक्कली अनुमोदन पत्रको खण्डन**
- **बंगलादेशमा वायु सेना प्रशिक्षण विमान दुर्घटना, 21 जनाको मृत्यु**

**अब समाचार विस्तारमा**

**संसदको दुवै सदनको बैठक भोलि बिहान 11 बजेसम्मका लागि स्थगित**

विपक्षी दलहरूको अवरोधका कारण संसदको दुवै सदनको बैठक भोलि बिहान 11 बजेसम्मका लागि स्थगित गरिएको छ। लोकसभामा पहलगाम आतंकी हमला र 'अपरेसन सिन्दूर'मा तत्काल छलफल गर्नुपर्ने माग गर्दै कांग्रेस, DMK, समाजवादी पार्टी र अन्य विपक्षी दलहरूले नाराबाजी गरेका थिए।

तेस्रो पटक स्थगन भएपछि साँझ 4 बजे बैठक सुरु भएलगत्तै पुनः अवरोध सुरु भयो। पीठासीन अधिकारीले सांसदहरूलाई सदन सञ्चालनमा सहयोग गर्न आग्रह गर्दै भन्नुभयो की , "सरकार छलफल गर्न तयार छ र सूचीबद्ध विधेयकहरूमा छलफल हुनुपर्छ।" तर नाराबाजी नरोकेपछि बैठक भोलिसम्मका लागि स्थगित गरिएको हो। यसअघि, बैठक तीनपटक स्थगित भइसकेको थियो। पहिलो स्थगनपछि दिउँसो 12 बजे बैठक सुरु हुँदा पनि कांग्रेसलगायत विपक्षी सांसदहरूले नाराबाजी जारी राख्दै आसनअगाडि आएका थिए। पीठासीन अधिकारीले पटक–पटक उनीहरूलाई आफ्ना सिटमा फर्कन र शून्यकालमा भाग लिन आग्रह गर्नुभएको थियो। संसदीय कार्य मन्त्री किरेन रिजिजूले सरकार छलफल गर्न तयार रहेको स्पष्ट पार्नुभयो। **BYTEEE** रक्षा मन्त्री राजनाथ सिंहले पनि कुनै पनि विषयमा  सरकार छलफल गर्न तयार रहेको बताउनुभयो। तर विपक्षी सांसदहरूको लगातार नाराबाजीका कारण बैठक दिउँसो 2 बजेसम्मका लागि स्थगित गरियो। यसअघि, लोकसभाले पहलगाम आतंकी हमलाका पीडितहरू र एयर इन्डिया AI-171 विमान दुर्घटनामा ज्यान गुमाएका व्यक्तिहरूप्रति श्रद्धाञ्जली अर्पण गर्‍यो। साथै, विभिन्न राज्यहरूमा प्राकृतिक प्रकोपबाट भएको जनधन क्षतिमा पनि दु:ख व्यक्त गरियो। लोकसभा अध्यक्ष ओम बिरलाले भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (ISRO) र ग्रुप क्याप्टेन सुभांशु शुक्लालाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा सफल यात्रा गरेकोमा बधाई दिँदै यस ऐतिहासिक उपलब्धिमा सदनमा विस्तृत छलफल गरिने जानकारी दिनुभयो।

**प्रधानमन्त्री मोदीको संसद मानसून सत्रप्रति आशा – "सार्थक बहस र राष्ट्रहितमा केन्द्रित होस्"**

प्रधानमन्त्री नरेन्द्र मोदीले संसदको मनसुन  सत्र सुरु हुनु अघि आशा व्यक्त गर्दै भन्नुभयो कि यो सत्र अर्थपूर्ण र सकारात्मक बहसले भरिपूर्ण हुनेछ । **BYTEE** उहाँले भन्नुभयो कि यस सत्रले देशको लोकतन्त्रलाई थप सशक्त बनाउनेछ ।पत्रकारहरूसँगको संवादमा प्रधानमन्त्रीले यो सत्र राष्ट्रका लागि गौरवको क्षण भएको उल्लेख गर्दै भन्नुभयो, "यो हाम्रो सामूहिक उपलब्धिहरूको उत्सव हो।" साथै उहाँले सबै दलका सांसदहरूलाई संसदको कार्य सुचारु सञ्चालनमा सहयोग गर्न आग्रह गर्नुभयो। प्रधानमन्त्री मोदीले भारतीय सेनाले हालै सम्पन्न गरेको "अपरेसन सिन्दूर" को उल्लेख गर्दै भन्नुभयो की"सेनाले आतंकवादीहरूलाई उनीहरू लुकेकै स्थानमै समाप्त गरेको छ, र 22 मिनेटमै आफ्नो लक्ष्य पूरा गरेको छ।"

पहलगाममा भएको आतंकी हमलाले विश्वको ध्यान आतंकवादतर्फ खिचेको भन्दै उहाँले अन्तर्राष्ट्रिय मञ्चहरूमा पाकिस्तानको भूमिकाको पर्दाफाश गर्न भारतले सशक्त कूटनीतिक पहल गरेको बताउनु भयो। उहाँले भारतले विगतमा आतंकवाद र नक्सलवादजस्ता हिंसात्मक चुनौतीहरूको सामना गर्दै आएको र अहिले ती प्रभावहरू तीव्र रूपमा घट्दै गएको जानकारी दिनुभयो ।

रक्षा क्षेत्रमा अनुसन्धान र विकासलाई प्रोत्साहन दिइने उल्लेख गर्दै प्रधानमन्त्रीले यसले नवाचार र युवाहरूका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्ने बताउनु भयो। डिजिटल भारतको सफलताको चर्चा गर्दै उहाँले युपिआई प्रणाली विश्वका थुप्रै देशहरूमा लोकप्रिय बन्दै गएको र भारत फिन्टेक क्षेत्रमा अग्रणी राष्ट्र बन्दै गएको उल्लेख गर्नुभयो। अन्त्यमा, प्रधानमन्त्रीले भन्नुभयो, "2014 अघि भारत विश्वको 10औं ठूलो अर्थतन्त्र थियो, तर अहिले तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा तीव्र गतिमा अघि बढिरहेको छ।"

**सांसदहरूले न्यायाधीश यशवन्त वर्मालाई हटाउन माग गरे**

आज संसदमा 145 जना लोकसभा सांसदहरूले लोकसभा अध्यक्ष ओम बिरलालाई एउटा ज्ञापन पत्र बुझाउनु भयो। उहाहरूले सर्वोच्च अदालतका न्यायाधीश यशवन्त वर्मालाई हटाउन माग गरेका गर्नुभएको छ। यो माग संविधानको धारा 124, 215 अनि 218 अन्तर्गत गरिएको हो। भाजपा, कांग्रेस, टीडीपी, जेडीयू, जेडी(एस), जन सेना पार्टी, एजीपी, शिवसेना (शिन्दे समूह) र सीपीएम पार्टीका सांसदहरूले निवेदनमा हस्ताक्षर गर्नुभएको हो। हस्ताक्षर गर्नेमा भाजपाका अनुराग ठाकुर, रविशंकर प्रसाद, राजीव प्रताप रूडी, कांग्रेस नेता राहुल गान्धी र सुप्रिया सुले पनि हुनुहुन्छ।

न्यायाधीश वर्माको घरबाट ठुलो नगद भेटिएको घटनाको छानबिन गर्न संसदले तयारी थालेको छ। यसैबीच, राज्यसभाका सभापति जगदीप धनखडले पनि न्यायाधीश वर्मालाई हटाउने प्रस्ताव आफूले पाएको जानकारी दिनुभयो। उक्त प्रस्तावमा 50 भन्दा बढी राज्यसभा सांसदहरूले हस्ताक्षर गरेका छन्।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**सरकारद्वारा एचपीसीएलको नक्कली अनुमोदन पत्रको खण्डन**

सरकारले हिन्दुस्तान पेट्रोलियम कर्पोरेशन लिमिटेड (HPCL) द्वारा एलपीजी एजेन्सी र डिलरशिप दिन सम्बन्धी जारी गरिएको भनिएको अनुमोदन पत्रको दाबीको खण्डन गरेको छ। पत्र सूचना कार्यालय (PIB) अन्तर्गतको फ्याक्ट चेक इकाइले सामाजिक सञ्जालका एक पोस्टमार्फत जानकारी दिँदै उक्त अनुमोदन पत्र नक्कली भएको स्पष्ट पारेको हो। सरकारले सरोकारवालाहरूलाई यस्ता भ्रामक सूचनाबाट सतर्क रहन आग्रह गर्दै, एलपीजी वितरक छनोटसम्बन्धी आधिकारिक वेबसाइट हेरेर मात्र प्रमाणिक जानकारी लिन सुझाव दिएको छ।

**बंगलादेशमा वायु सेना प्रशिक्षण विमान दुर्घटना, 21 जनाको मृत्यु**

बंगलादेश वायु सेनाको एउटा प्रशिक्षण विमान ढाकास्थित माइलस्टोन कलेज परिसरमा दुर्घटनाग्रस्त हुँदा विमानका पाइलटसहित 21 जनाको मृत्यु भएको छ भने 100 भन्दा बढी घाइते भएका छन्। यो दुर्घटना आज दिउँसो जब विमान कलेजको एउटा भवनमा ठोक्किदा भएको हो। दुर्घटनापछि बंगलादेश सेना र दमकल विभागले उद्धार कार्य सुरु गरेका छन्। घाइतेहरूको उपचारका लागि ढाकास्थित नेशनल इन्स्टिच्युट अफ बर्न एन्ड प्लास्टिक सर्जरी अस्पतालमा आपतकालीन हेल्पलाइन सुरु गरिएको छ। बंगलादेश सरकारले यस घटनापछि एक दिनको राष्ट्रिय शोक घोषणा गरेको छ।

अन्त्यमा मुख्य समाचार फेरी एक पल्ट

- संसदको दुवै सदनको बैठक भोलि बिहान 11 बजेसम्मका लागि स्थगित
- प्रधानमन्त्री मोदीको संसद मानसून सत्रप्रति सार्थक बहस र राष्ट्रहितमा केन्द्रित होस्  भन्ने आशा
- सांसदहरूले गरे न्यायाधीश यशवन्त वर्मालाई हटाउन माग
- सरकारद्वारा एचपीसीएलको नक्कली अनुमोदन पत्रको खण्डन
- बंगलादेशमा वायु सेना प्रशिक्षण विमान दुर्घटना, 21 जनाको मृत्यु